## जुम्लाको लागि बृहत व्यवसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपरजोन) विकास कार्यक्रमले लिएको ५ बर्षको परिमाणात्मक लक्ष्य

| विबरण | २०७६ /०७७ | २०७७ /०७८ | २०७८ /०७९ | २०७९ /०८० | २०८० /०८१ | जम्मा |
|---|---|---|---|---|---|---|
| क्षेत्रफल विस्तार | २३०० | ४०० | ६०० | ८०० | ९०० | ५००० |
| चक्लाबन्दीमा स्याउ खेती | १०० | २०० | २०० | २०० | २०० | १००० |
| उत्पादकत्व मे. टन प्रति हेक्टर | १०.२ | १०.५ | ११ | ११.५ | १२ | १३ |
| उच्च घनत्वको क्षेत्रफल हे. | ५ | १० | १५ | २० | २० | ७० |
| सूचीकृत नर्सरी | १३५ | ६० | ६० | ६० | ६० | ६० |
| बिरुवा उत्पादन | १००००० | २५०००० | ३००००० | ४००००० | ५००००० | ५०००००० |
| स्याउको कारोबार रु लाखमा | ३४०० | ४००० | ४५०० | ५००० | ६००० | ६००० |

## उल्लेखित परिमाणात्मक लक्ष्य हासिल गर्न अवलम्बन गरिने पंचनीति

१. हरित अर्थतन्त्र (सडकको छेउछाउमा स्याउ र ओखर)
२. गुणस्तरीय बेर्ना र फल उत्पादन (नर्सरी नियमन, बगैचा व्यवस्थापन, सिचाई, काँटछाँट, मलखाल, रोगकीरा व्यबस्थापन)
३. पुराना बगैचा व्यबस्थापन र नया बगैचा स्थापना
४. उच्च घनत्वको बगैचा स्थापना (लगानी गर्न सक्ने कृषकका लागि)
५. मूल्य अभिबृद्धि (Organic certification, High quality storage, labeling, packaging, marketing etc.)

## परियोजनाबाट उपलब्ध हुने सेवा सुविधाहरु

परियोजना मार्फत सञ्चालन गरिने कार्यक्रमहरुका लागि प्रस्तुत तालिका अनुसार उपलब्धीमा आधारित सहजीकरण सेवा उपलब्ध गराउने छ।

| सि.नं. | विवरण | सहजीकरण |
|---|---|---|
| १ | कृषि उत्पादन सामग्रीहरु (बिरुवा,मल, जैविक बिषादी लगायत नर्सरी स्थापना) | ५० प्रतिशत |
| २ | प्राविधिक सहयोग | १०० प्रतिशत |
| ३ | प्रयोगशाला सेवाहरु | ५० प्रतिशत |
| ४ | कृषि औजार तथा उपकरणहरु | ५० प्रतिशत |
| ५ | साना सिंचाई पूर्वाधारहरु | ५० प्रतिशत |
| ६ | उत्पादनोपरान्त तथा कृषि व्यवसाय सेवा पूर्वाधारहरु | ५० प्रतिशत |

## परियोजना कार्यान्वयन इकाई, जुम्लामा कार्यरत कर्मचारी विवरण

### क. काजमा कार्यरत स्थायी कर्मचारीहरु

| क्र.स. | कर्मचारीको नाम | पद | मोबाईल नं. |
|---|---|---|---|
| १ | श्री नवराज भण्डारी | ब.कृ.अ | ९८५६०३०३६४ |
| २ | श्री जोगेन्द्र कान्दु | कृषि अधिकृत | ९८५७०१२८६० |
| ३ | श्री हिक्मत राज गिरी | प्रा. स. | ९८६८९६८७३४ |
| ४ | श्री राम प्रसाद जैसी | नायब सुब्बा | ९८५८३२२८३३ |
| ५ | श्री हंस बहादुर खत्री | लेखापाल | ९८४८३१३११३ |
| ६ | पूर्णा कोईराला | ना. प्रा. स. | ९८४८३८२११९ |

### ख. करारमा कार्यरत कर्मचारीहरु

| क्र.स. | कर्मचारीको नाम | पद | मोबाईल नं. |
|---|---|---|---|
| १ | श्री कृष्ण कामी | सा.प. | ९८४८३०५५६० |
| २ | श्री गजेन्द्र शाही | सा.प | ९८४८३०५५०५९ |
| ३ | श्री दिलीप चौलागाई | ह.स.चा | ९८४८१२२८६४ |
| ४ | सरद न्यौपाने | का.स | ९८६८००४५३९० |
| ५ | राजेन्द्र भण्डारी | का.स | ९८६४७९७९०७ |

## स्याउ सुपरजोन सञ्चालक समिति, जुम्लाका पदाधिकारीहरुको विवरण
## गठन मिति: २०७६/८/२२

| पद | नाम | ठेगाना | मोवाइल नं |
|---|---|---|---|
| संयोजक | श्री नारायणी चौलागाई | तातोपानी लाम्रा | ९८४८२३६६३५ |
| उप–संयोजक | श्री भैरब बहादुर धराला | च न पा ८, जातीभीड | ९८४८३००२८८ |
| सचिव | श्री हरी बहादुर बुढा | गुठीचौर गापा ४, गज्या कोट | ९८६८३०८३९८ |
| सह–सचिव | श्री मीन बहादुर शाही | तातोपानी १, बाईराका | ९८४८३३३३४४ |
| सदस्य | श्री महानन्द चौलागाई | च न पा १०, भण्डारीवडा | ९८४८३००८३० |
| सदस्य | श्री देबी बहादुर बुढथापा | च न पा २, फुलिकोट | ९७४६७२९१०४ |
| सदस्य | श्री लाल बहादुर थापा | ततोपानी ८, मछलदेउ | ९८४८३००४३५ |
| सदस्य | श्री चन्द्रमाया न्याउपाने | गुठीचौर ५, चौर बिगारे | ९८६८३५९९५५ |
| सदस्य | श्री राधिका बोहरा | पतारासी ५, | ९८४२३४६५९५ |

**गुनासो सुन्ने अधिकारी:**
नबराज भण्डारी, बरिष्ठ कृषि अधिकृत
९८५८३६६८३३ र ९८५६०३०३६४)

**सूचना अधिकारी:**
हिक्मत राज गिरी ९८५८३६६९३३


**थप जानकारीका लागि सम्पर्क**
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
**परियोजना कार्यान्वयन इकाई, जुम्ला**
**E-mail:** pmamp.piu.jumla@gmail.com
**फोन नं:** ०८७–५२०६६६




# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
# परियोजना कार्यान्वयन इकाई जुम्लाको परिचय

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
**परियोजना कार्यान्वयन इकाई, जुम्ला**
२०७६/०७७

## परिचय

कृषिमा आधारित अर्थतन्त्रलाई कृषिजन्य उद्योगमा रुपान्तरित गरी आधुनिक, व्यावसायिक, प्रतिस्पर्धी, दीगो र आत्मनिर्भर बनाउनु आजको आवश्यकता हो। अव्यवस्थित भू–उपयोग, उर्वर कृषि भूमिको गैर कृषिमा प्रयोग, बढ्दो उत्पादन लागत, उत्पादनका सामग्रीहरुको अपर्याप्त आपूर्ति, पूर्वाधारहरुको कमी, उपयुक्त प्राविधिक ज्ञान र शीपमा कमी, कृषकहरुको कमजोर व्यावसायिक क्षमता अनुसन्धान, शिक्षा र प्रसार बीचको त्रीपक्षीय सम्बन्धलाई मजवुत तुल्याई अनुसन्धानबाट विकास भएका प्रविधिहरु पर्याप्त मात्रामा विस्तार हुन नसक्नु जस्ता विविध कारणहरुले कृषि क्षेत्रमा आशातित उपलब्धि हासिल हुन सकेको छैन। साथै युवा जनशक्ति दिनानुदिन विदेशिने क्रम बढिरहेको सन्दर्भमा कृषि क्षेत्रमा श्रमिकको अभाव निजी क्षेत्रको लगानी आकृष्ट गर्नु पनि ठूलो चुनौतीको रुपमा देखा परेको छ। यस परिपेक्ष्यमा स्थानीय सम्भावना, तुलनात्मक लाभ र विशिष्ठ अवसरको उपयोग गर्दै समग्र मूल्य श्रृंखलाका अवयवहरुको एकीकृत संयोजन र परिचालन मार्फत कृषि औद्योगीकरण एवं यन्त्रीकरण उन्मुख दीगो आर्थिक अवसरहरु सृजना गरी निश्चित बालीको क्षेत्र विस्तार र उत्पादकत्वलाई बढाई निर्वाहमूखी कृषि प्रणालीलाई व्यावसायिक, प्रतिस्पर्धी, दीगो र आत्मा निर्भर बनाउने लक्ष्यका साथ नेपाल सरकार, कृषि विकास मन्त्रालयले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना २०७३ श्रावणबाट लागू गरिएको छ। स्वदेशी सोच, स्वदेशी लगानी र आन्तरिक संस्थागत जनशक्तिबाट तयार गरिएको यो परियोजनालाई कृषि विकास रणनीति कार्यान्वयनको सहयोगी परियोजनाको रुपमा लिईएको छ। कृषि उत्पादनको विशिष्टिकृत क्षेत्र निर्माण, निर्यातयोग्य कृषि उपजहरुको मूल्य अभिबृद्धि तथा बजारीकरण गरी रोजगारीको अवसर सृजना लगायत कृषि औद्योगिकीकरणको दिशामा मापनयोग्य परिवर्तन सुनिश्चत गरी कृषि पेशालाई मर्यादित र सम्मानजनक व्यवसायको रुपमा स्थापित गराउने यस परियोजनाको सोच रहेको छ।

## परियोजनाको सोच

- कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रुपान्तरित आधुनिक, व्यावसायिक, दिगो एवं आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने।

## परियोजनाको लक्ष्य

- समग्र कृषि मूल्य श्रृंखलाका अवयवहरुको एकीकृत संयोजन र परिचालन मार्फत खाद्य पोषण सुरक्षा सुनिश्चित गर्दै कृषि औद्योगीकरण उन्मुख दिगो आर्थिक अवसरहरु सृजना गरी राष्ट्रको समग्र विकासमा टेवा पुऱ्याउने।

## उद्देश्यहरु

- शितोष्ण फलफूल स्याउको विशिष्टिकृत क्षेत्रहरु समेटी कम्तीमा १००० हेक्टरमा सुपर जोन निर्माण गर्दै जिल्लाभर नै क्षेत्र बिस्तार गर्ने।
- निर्यात योग्य स्याउ उत्पादन तथा मूल्य अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता बृद्धि गर्ने।
- स्याउ खेती तथा व्यवसायलाई सम्मानजनक नाफामुखी व्यवसायका रुपमा विकास गर्दै रोजगारीका अवसरहरु सृजना गर्ने।
- स्याउ खेतीमा संलग्न कृषि सहकारी समूह निजी उद्यमी र सरोकारवालाहरुको व्यावसायिक क्षमता अभिवृद्धि गरी बजारमुखी उत्पादनमा जोड दिने।
- बहुसरोकारवाला निकायहरु बीचको कार्यमूलक समन्वय मार्फत प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने।

## यस परियोजनाले अवलम्बन गरेका रणनीतिहरु

१. भूमिको बैज्ञानिक उपयोग।
२. आधुनिक कृषि प्रविधिहरुको अवलम्बन।
३. कृषिमा यान्त्रिकीकरण।
४. कृषि उपजहरुको प्रशोधन तथा बजारीकरण पूर्वाधारहरुको विकास।
५. कृषि अनुसन्धान (शिक्षा प्रसार प्रणाली)को सुदृढ समन्वय एवं आधुनिकीकरण।
६. प्रतिफलमा आधारित प्रोत्साहन प्रणालीको अवलम्बन।
७. गुणस्तर नियन्त्रण तथा खाद्य स्वच्छता अभिवृद्धि।
८. वातावरण परिवर्तन अनुकुलित कृषि प्रणाली अवलम्बन।

## परियोजना सञ्चालनको अवधारणा




## प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना जुम्लामा

जुम्ला जिल्लामा स्याउ बाली सुपरजोन विकास कार्यक्रमको रुपमा संचालित यो परियोजना अन्तर्गत शुरुमा आ.ब. २०७३/७४ देखि साबिक चन्दननाथ नगरपालिका र तातोपानी गा.वि.समा क्षेत्र निर्धारण गरि कार्य गर्दै आएकोमा आ.ब. २०७४/७५ देखि पातारासी गाउँपालिका वडा नं. (४,५,६,७ र गुठीचौर गा.पा. वडा नं ३,४,५ मा कार्यक्षेत्र बिस्तार गरी कार्यक्रमहरु गरिएको छ। चालु आ.ब. २०७६/७७ मा स्याउ सुपरजोन विकास कार्यक्रममा कृषक समूह, कृषि सहकारी, कृषि उद्यमि र जल उपभोक्ता समूह गरी जम्मा ४२७ वटा सरोकारवाला संस्थाहरु सुचीकृत भई तिनीहरुमा आवद्ध २१३५ घर धुरी समावेश भएका छन्।

## जुम्ला जिल्लामा स्याउ खेतिको अवस्था

| क्र.सं. | बिवरण | इकाई | परिमाण |
|---|---|---|---|
| १ | जिल्लाको कुल स्याउको क्षेत्रफल | हेक्टर | ३७०० |
| २ | यस बर्ष फल्ने बिरुवाको क्षेत्रफल | हेक्टर | १४८० |
| ३ | उत्पादकत्व मे.टन./हे. | मे.टन/हे. | ८.२५ |
| ४ | जम्मा उत्पादन | मे.ट. | १२२१० |
| ५ | बिक्री योग्य परिमाण ७० प्रतिशत | मे.ट. | ८५४७ |
| ६ | फर्म गेट मूल्य रु. ४० (३०–५०) | प्रति के.जी. | ४० |
| ७ | जम्मा मूल्य | रु. हजारमा | ३४१८८० |
| | परियोजना कार्य क्षेत्र भित्र (चन्दननाथ न.पा., तातोपानी गा.पा., पातारासी गा.पा. (४,५,६,७ र गुठीचौर गा.पा. (३,४,५) | | |
| १ | कुल स्याउको क्षेत्रफल | हेक्टर | २३०५ |
| २ | यस बर्ष फल्ने बिरुवाको क्षेत्रफल | हेक्टर | ८५० |
| ३ | उत्पादकत्व मे.टन./हे. | मे.टन/हे. | १०.२० |
| ४ | जम्मा उत्पादन | मे.ट. | ८६७० |
| | उच्च घनत्वको बिरुवाको उत्पादकत्व | मे.टन/हे. | १६ |

## जुम्लामा स्याउ बिस्तारको संभावना

